**बोलपत्र फाराम नम्वर :**

मूल्य रु.५,०००/-
( फिर्ता नहुने )

# नेपाल खाद्य संस्थान

**आर्थिक बर्ष २०७६।७७ को लागि**
**हवाईमार्गवाट खाद्यवस्तु ढुवानी सम्वन्धी**
**गोप्य शिलबन्दी बोलपत्र**

**सेक्टर**

**.............. देखि सिमिकोट हुम्ला सम्म**

**बोलपत्रदाता हवाई कम्पनी वा कार्गो एजेन्सीको नाम र ठेगाना :**

.......................................

श्री नेपाल खाद्य संस्थान,
........................ कार्यालय,
...................................... ।

विषय : *हवाईमार्गवाट खाद्यवस्तु ढुवानी सम्वन्धी गोप्य शिलवन्दी बोलपत्र*।

महोदय,

आर्थिक बर्ष २०७६।७७ को लागि हवाईमार्गवाट खाद्यवस्तु ढुवानी सम्वन्धी त्यस संस्थानले मिति २०७६।०३।२५ गतेको गोरखापत्र, कार्यालयको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हाम्रो हवाईसेवा कम्पनी/कार्गो एजेन्सीले....................................देखि सिमिकोट हुम्ला सम्मको सेक्टरमा खाद्यबस्तु ढुवानी गर्न इच्छुक भएको हुदां संस्थानले तयार गरेको बोलपत्र फाराम भरी फर्म/कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्र, बायु सेवा संचालन अनुमति प्रमाणपत्र, स्थायी लेखा नम्बर, आ.व ०७४।७५ को कर क्लीयरेन्स पत्रको प्रतिलिपी र घोषणा पत्र समेत यसै साथ संलग्न गरी यो गोप्य शिलवन्दी बोलपत्र फाराम पेश गरेको छु/छौं । धरौटी बापत लाग्ने रकम रु. ................... (अक्षरेपी रु. ..............................) को मिति .............. को सक्कलै बैंक भौचर/नगदी भर्पाई................................ बैंकको नेपाल खाद्य संस्थानको नाममा मिति ............ मा जारी भएको मिति ..... ...... सम्म (छ महिना) अवधि रहेको ...................... नं. को बैंक ग्यारेण्टी पत्र पनि यसै साथ पेश गरेको छु / छौं ।

| क.सं | सेक्टर | | ढुवानी भाडा दर प्रति के.जी. रु. अंकमा | ढुवानी भाडा दर प्रति के.जी. रु. अक्षरमा | हवाईजहाज/हेलिकोप्टर | खाद्यबस्तु ढुवानी गर्न लाग्ने उडान समय जाते आते |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |

१. हाम्रो हवाई सेवा कम्पनी/कार्गो एजेन्ससीमा रहेका बिमानको प्रकार, भारबहन क्षमता, संख्या आदिको बिबरण संलग्न रहेको छ ।

२. हाम्रो हवाई सेवा कम्पनी/कार्गो एजेन्सीबाट गत/बिगत बर्षहरुमा त्यस संस्थानको खाद्यान्न ढुवानी कार्य सम्पन्न भएको बिबरण छोटकरीमा संलग्न गरेको छु/छौं ।

३. हामीले पालना गर्नु पर्ने शर्तहरु, बोलपत्र प्रकाशित सम्बन्धि सूचना, सम्झौताको नमूना राम्ररी अध्ययन गर्‍यौ र सो कागजातमा उल्लेखित सबै शर्तहरु हामीलाई स्वीकार्य छ । उक्त शर्तनामा अनुसार हुने गरी हाम्रो बोलपत्र स्वीकृत भएमा तोकिएको समय भित्र तोकिए अनुसारको कागजात/धितो/धरौटी समेत पेश गरी सम्झौता गरी ढुवानी कार्य गर्ने छौं । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा हाम्रो धरौटी रकम जफत गरेमा हाम्रो मन्जूरी छ।

भबदीय

हवाई सेवा कम्पनी/कार्गो एजेन्सीको नाम :

ठेगाना :

टेलिफोन :

फ्याक्स नं.

बोलपत्रदाता हवाईसेवा कम्पनी वा कार्गो एजेन्सीको
आधिकारिक व्यक्तिको दस्तखत :

बोलपत्र फाराम
प्रमाणित गर्ने :

नाम :

# बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु

१. बोलपत्रदाताले खाद्यबस्तु ढुवानी सम्बन्धि सूचनामा तोकिए अनुसार प्रथम पटक सूचना प्रकाशित भएको मिति **२०७६।०३।२५** गतेले ३० औं दिन अर्थात मिति २०७६।०४।२३ भित्र नियमानुसार बोलपत्र खरिद गरी सूचनामा तोकिए अनुसार बोलपत्र भरी मिति २०७६।०४।२४ ते दिनको १२.०० बजे भित्र प्रधान कार्यालय खरिद एकाइमा वुझाउनु पर्ने छ ।

२. संस्थानमा बुझाएको बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा बोलपत्र बुझाउने अन्तिम दिन मिति २०७६।०४।२४ गते अपरान्ह २.०० बजे प्रधान कार्यालय खरिद एकाईमा बोलपत्र खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन ।

३. विद्युतीय माध्यम www.bolpatra.gov.np/egp वाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले माथि निर्धारित समय भित्र छापिएका बोलपत्र कागजातहरुको Hardcopy खरीद गरी वा बोलपत्र कागजात Download गरी निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजातसाथ बोलपत्र पेश गर्नु पर्ने छ। बोलपत्र कागजात Download गरी विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालयको खातामा बोलपत्रको दस्तुर जम्मा गरी जम्मा गरेको भौचर Scanning गरी Scanned प्रति विद्युतीय बोलपत्र साथ पेश गर्नु पर्नेछ । यसरी बोलपत्र पेश गर्नेले बोलपत्र खोल्न निर्धारित मिति देखि ७ दिन भित्र सक्कलै Hardcopy कागजात सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

४. एउटै बोलपत्रदाताले एक वा सो भन्दा बढी सेक्टरहरुमा बोलपत्र पेश गर्न चाहेमा बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिमको बेग्ला बेग्लै धरौटी राख्नु पर्नेछ । तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरहरुको लागि बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिम बेग्ला बेग्लै धरौटी, बैंक जमानत राख्नु पर्नेछ । एक भन्दा बढी सेक्टरमा E-bid गर्न चाहने बोलपत्रदाताले प्रत्येक सेक्टरका छुट्टा छुट्टै बोलपत्र फारम भरी आवश्यक कागजात संलग्न राखी एकै पटकमा Submit गर्नु पर्ने छ ।

५. ढुवानी गर्न तोकिएको सेक्टरमा संस्थानको खाद्यवस्तु तोकिएको हवाई मैदानवाट बुझि लिई संस्थानको तोकिएको हवाईमैदान/हेलिप्याडसम्म ढुवानी गरी बुझाउनु पर्नेछ ।

६. बोलपत्रदाताले ढुवानीको दर नेपाली रुपैंयामा प्रति के.जी. अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दर रेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ ।

७. संस्थानको खाद्यबस्तु ढुवानी गरी लैजाने हवाई जहाज/ हेलिकोप्टरले सम्बन्धित स्थानमा खाद्यान्न पुर्याई फर्किदा ल्याउने मानिस वा मालसामान (फिर्तीलोड) को भाडा रकम संस्थानलाई बुझाउनु नपर्ने हुदां बोलपत्र पेश गर्दा सो समेतलाई दृष्टिगत गरी न्यूनतम दर उल्लेख गर्नु पर्नेछ । खाद्यान्न पुर्याई फर्कने हवाई जहाज/हेलिकोप्टरबाट सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट मान्यता प्राप्त व्यक्ति वा फर्मको स्थानीय उत्पादित कृषि जन्य बस्तुलाई प्राथमिकता साथ लोड लिई आउनु पर्नेछ ।

८ . बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र संस्थानको खाद्यान्न चलान गर्ने कार्यालयमा सम्पर्क राखी धरौटी वापत ढुवानी गर्नु पर्ने परिमाणको हुन आउने ढुवानी भाडा रकमको ५% (पांच प्रतिशत) र सार्वजनिक खरिद ऐनमा उल्लेख भए अनुसार का दरले हुने रकमका साथै जमानत वापत

प्रत्येक सेक्टरको रु ३,००,०००/-(तीन लाख मात्र) समेत गरी हुन आउने नगद वा "**क**" बर्गको बाणिज्य बैंकको कार्यसम्पादन बैंक जमानी पत्र ( Performance Bond ) पेश गरी सम्झौता गरी खाद्यवस्तु ढुवानीको कार्य शुरु गर्नु पर्नेछ । जमानत बापत बैंक जमानी राख्न चाहेमा संस्थानको सम्बन्धित कार्यालयको नाममा जारी भएको २०७७ साल पौष मसान्त सम्म अवधि भएको कार्य सम्पादन जमानी पत्र (Performance Bond) पेश गर्नु पर्ने छ । जुनसुकै कारणले म्याद भित्र सम्झौता नगरेमा बोलपत्र साथ पेश गरेको धरौटी संस्थानले जफत गर्नेछ ।

९. सम्झौता भएको मिति देखि २०७७ आषाढ मसान्तभित्र संस्थानको खाद्यवस्तु चलान गर्ने कार्यालयले पटक पटक वा एकमुष्ट गरी जुन जुन समयभित्र जति जति परिमाण ढुवानी गर्नु पर्दछ भनी तोकी दिन्छ सोही सोही समय भित्र तोकिएको परिमाणको खाद्यवस्तु ढुवानी गर्नु पर्नेछ ।

१०. ढुवानीको लागि संस्थानवाट नमूना सहित नाप तौल गरेर खाद्यवस्तु बुझिलिनु पर्नेछ । यसरी बुझिलिएको खाद्यवस्तु जुन स्थानमा बुझाउन पर्ने हो सो स्थानमा नमूना बमोजिमको खाद्यवस्तु नाप तौल गरेर बुझाउनु पर्नेछ । ढुवानीको लागि बुझिलिएको खाद्यवस्तु पुऱ्याउन पर्ने स्थानमा पुऱ्याई नबुझाएसम्म कुनै पनि कारणवाट घटी, नोक्सानी, गुणस्तरमा ह्रास आदि भएमा त्यसको पूर्ण जवाफदेही ढुवानीकर्ता हुने छ ।

११. ढुवानी बोलपत्रमा उल्लेख गरेको दर २०७७ आषाढ मसान्त सम्म कायम रहनेछ । सो म्यादभित्र कुनै पनि कारणवाट ढुवानी दर बढाई पाउं भनी अन्य कुनै किसिमको बाधा, अडचन, खर खिचौला गर्न पाउने छैन ।

१२. ढुवानीको लागि कुनै किसिमको पेश्की रकम माग गर्न पाइने छैन ।

१३. ढुवानीको सन्दर्भमा प्रचलित कानून, नियम अनुसार लाग्ने कर तथा अन्य सबै किसिमको महशुल आदि ढुवानीकर्ताले व्यहोर्नु पर्नेछ ।

१४. खाद्यान्न चलान गर्ने स्थानको लोडिङ्ग तथा खाद्यान्न प्राप्त गर्ने स्थानको अनलोडिङ्ग र दुबै स्थानको तौलाई खर्च ढुवानीकर्ताले व्यहोर्ने छ ।

१५. खाद्यवस्तु ढुवानी वापतको ढुवानी भाडाको भुक्तानी सम्वन्धमा प्राप्त गर्ने कार्यालयले दिएको खाद्यवस्तुको भरपाई प्राप्त गर्ने कार्यालयको प्रमुख र स्टोर किपरवाट प्रमाणित भएको रितपूर्वकको खाद्यान्न माल प्राप्ती (रसिद) खाद्यान्न चलानी सहितको कागजात र हवाई ढुवानी भएको Consignment note तथा PAN नम्बर खुलेको ढुवानी भाडाको बिल चलान गर्ने कार्यालयमा बुझाएपछि चलान गर्ने कार्यालयवाट ढुवानी भाडा भुक्तानी हुने र यसरी भुक्तानी हुंदा ९५% (पन्चानब्वे) प्रतिशतका दरले हुने रकम मात्र भुक्तानी दिई बांकी रकम सोही कार्यालयमा रिटेन्सन मनी वापत रहनेछ । सो रिटेन्सन मनी वापत रहेको रकम सम्झौता बमोजिम कार्य सम्पन्न भई लिनु दिनु पर्ने हिसाव फछ्र्यौट भएपछि मात्र भुक्तानी हुनेछ ।

१६. संस्थानले ढुवानीको लागि ढुवानीकर्तालाई बुझाएको खाद्यवस्तु पुर्‍याउनु पर्ने स्थानमा पुर्‍याई नबुझाए सम्म कुनै पनि कारणवाट हानी नोक्सानी वा घटी भएमा, खाद्य वस्तुको गुणस्तरमा ह्रास भएमा सोको सम्पूर्ण जिम्मेवारी ढुवानीकर्ताको हुनेछ । निर्दिष्ट स्थानमा ढुवानीकर्ताले जोख तौल गरी संस्थानलाई बुझाउंदा नपुग भएकोमा नपुग परिमाण खाद्यवस्तु पुर्‍याउनु पर्ने स्थानको लागि संस्थानले निर्धारण गरेको बिक्री मूल्य अनुसारको रकम संस्थानले ढुवानीकर्तावाट असूल उपर गर्नेछ र घटी भएको परिमाणको ढुवानी भाडा संस्थानले ढुवानीकर्तालाई दिने छैन ।

१७. ढुवानीकर्ताले ढुवानीको लागि बुझि लिएको खाद्यवस्तु निश्चीत समय भित्र पुर्‍याउनु पर्ने स्थानमा पुर्‍याई बुझाउनु पर्नेछ । खाद्यवस्तु बुझिलिए पछि ढुवानीकर्ताले सम्वन्धित कार्यालयमा बुझाउनु पर्ने खाद्यान्न म्याद भित्र नबुझाएमा सो म्याद नाघेको मितिले प्रतिदिन प्रतिक्वीण्टल रु.५/- (पांच) रुपैंयाको दरले हर्जाना वापत ढुवानीकर्ताले संस्थानलाई बुझाउनु पर्नेछ ।

१८. काबु बाहिरको ( जस्तै युद्ध, बन्द हड्ताल, बाढी पहिरो, आगलागि, भुकम्प, ज्वालामुखि, हिमपात आदि जस्ता मानबिय नियन्त्रण भन्दा बाहिरका ) परिस्थितिमा वाहेक ढुवानीकर्ताले ढुवानीको लागि बुझी लिएको संस्थानको खाद्यवस्तु मध्ये केहि परिमाण बुझाउन वांकी रहन गएमा सम्झौता बमोजिम हर्जाना सहित खाद्यवस्तु बुझाउन संस्थानले ढुवानीकर्तालाई अवधि तोकि दिन सक्नेछ । सो अवधिभित्र ढुवानीकर्ताले हर्जाना सहित संस्थानमा खाद्यवस्तु बुझाउनु पर्नेछ । संस्थानले तोकि दिएको अवधिभित्र ढुवानीकर्ताले खाद्यवस्तु नबुझाई संस्थानले सो खाद्यवस्तु वापत नगदमा असूल उपर गर्नु पर्ने अवस्था परेमा त्यस्तो खाद्यवस्तु प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यले हुने रकममा हर्जाना वापत ५०% (पचास) प्रतिशत थप गरि हुने रकम संस्थानले असूल उपर गर्नेछ । यसरी असूल गर्नु पर्ने रकम ढुवानीकर्ताको ढुवानी भाडा वापतको रकम संस्थानमा वांकी रहेको अवस्थामा सो रकमवाट र सो वाट नपुग भएको अवस्थामा ढुवानीकर्ताले संस्थानमा राखेको धरौटी तथा रिटेन्शन मनी वा अन्य कुनै संस्थानले दिन बांकी रकम भएमा सो समेतवाट संस्थानले असूल उपर गरि लिन सक्नेछ । यसमा ढुवानीकर्ताले पछि कुनै किसिमको खिचौला वा उजुर गर्न पाउने छैन ।

१९. खाद्यान्न हवाई ढुवानीको सिलसिलामा कुनै किसिमको क्षती हुन गएमा समेत ढुवानी कर्ताले व्यहोर्नु पर्ने छ ।

२०. दफा ९ मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि हवाई ढुवानी दर स्वीकृत भै सम्झौता भै सके पश्चात नेपालमा हवाई इन्धनको मूल्यमा १५% प्रतिशत सम्म घटबढ भएमा निर्धारित ढुवानी दरमा कुनै हेरफेर हुने छैन । १५% प्रतिशत भन्दा वढी फरक परेमा ढुवानी दर घटबढ गर्ने नगर्ने संबन्धमा संस्थानको संचालक समितीले गरेको निर्णय अन्तिम हुनेछ ।

२१. ढुवानी भएको खाद्यवस्तुको ढुवानी भाडा, खाद्यवस्तुको खूद तौल (नेट वेट) को आधारमा भुक्तानी हुनेछ ।

२२. सम्झौताको अवधि सम्झौता भएको मिति देखि २०७७ साल आषाढ मसान्त सम्म हुने छ । सम्झौताको अवधि भित्र संस्थानको खाद्यवस्तु चलान गर्ने कार्यालयले जुन समयभित्र जति परिमाण खाद्यवस्तु ढुवानी हुनु पर्दछ भनी तोकी दिन्छ सोही समयभित्र तोकिएको परिमाण खाद्यवस्तु ढुवानी गर्नु पर्नेछ । ढुवानी गर्न भनी तोकिएको परिमाण बाहेक संस्थानको आवश्यकता अनुसार पछि थप ढुवानी गर्नु परेमा सो समेत सम्झौतामा उल्लेख भएको दर र शर्त अनुसार नै ढुवानी गर्नु पर्नेछ ।

२३. ढुवानीकार्यको लागि सम्झौता गरीसकेपछि काबु बाहिरको परिस्थिति (जस्तै युद्ध, बन्द हड्ताल, बाढी पहिरो, आगलागि, भुकम्प, ज्वालामुखि, हिमपात आदि जस्ता मानबिय नियन्त्रण भन्दा बाहिरका परिस्थिति) वाहेक कुनै एक अवधि भित्र ढुवानी गर्नु पर्ने भनी कार्यालयले तोकि दिएको परिमाण खाद्यान्न तोकिएकै अवधि भित्र ढुवानी गरी पुर्याउन नसकेमा वा सम्झौतामा ढुवानी गर्नु पर्ने भनी किटान भएको परिमाण ढुवानी गर्न नसकेमा वा संस्थानको आवश्यकता अनुसार ढुवानीको पर्याप्त साधन उपलव्ध गराउन नसकी वा अन्य कुनै कारणबाट तोकिएको समय भित्र तोकिएको परिमाण खाद्यबस्तु ढुवानी गरी निर्दिष्ट स्थानमा बुझाउन नसकेमा वा सम्झौतामा उल्लेखित शर्तहरु पालना नगरेमा वा खाद्यान्न ढुवानी गर्न आलटाल गरी सन्तोषजनक रुपले ढुवानी नगरेमा वा आवश्यकता अनुसार ढुवानी कार्य नगरेको कारण खाद्यान्न अभाव हुन गएमा दफा ७ बमोजिम धरौटी बापत राखेको ५% रकम र रिटेन्सन मनी समेत जफत गरी संस्थानले कुनै पनि समयमा सम्झौता रद्द गरी अन्य हवाईसेवा मार्फत खाद्यबस्तु ढुवानी गराउन सक्नेछ । यसमा ढुवानीकर्ताको तर्फबाट कुनै उजुर बाजुर लाग्ने छैन ।

२४. बोलपत्रदाताले अन्य कुनै पनि शर्त उल्लेख गर्न नपाइने, यदि कुनै शर्तहरु थपघट गरी बोलपत्र पेश गरेमा त्यस्तो शर्तहरुको मान्यता हुने छैन ।

२५. बोलपत्रदाताले ढुवानी कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित ढुवानी कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

२६. बोलपत्रको मान्य हुने अवधि ९० दिन हुनेछ । बोलपत्र खोलि सकेपछि कुनै पनि बोलपत्र दाताले आफूले कबोल गरेको अंक फेर बदल गर्न दिएको निबेदन मान्य हुने छैन ।

२७. संस्थानले बोलपत्र सम्बन्धी कारवाही गर्दा गरेको त्रुटी वा निर्णय बिरुद्ध पुनराबलोकनका लागि बोलपत्रदाताले निवेदन दिन सक्नेछ ।

२८. स्वार्थ बाझिने ( Conflict of Interest ) भएमा बोलपत्र उपर कारवाही हुने छैन । जालसाजी वा भ्रष्टाचार गरेमा प्रचलित कानुन बमोजिम कारवाहि हुनेछ ।

२९. ढुवानीकार्य सम्बन्धी शर्तहरुको बिस्तृत बिबरण तथा बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु निर्देशनमा उल्लेख गरिएको छ । बोलपत्रदाताले बोलपत्र फाराम अध्ययन गरी ढुवानी सम्बन्धी बोलपत्र फारामको तोकिएको स्थानमा नाम थर ठेगाना स्पष्ट बुझिने गरी लेखी दस्तखत गर्नु पर्नेछ ।

३०. रीत नपुगेको, धरौटी संलग्न नभएको वा म्याद नाघी प्राप्त हुन आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

३१. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थानमा सुरक्षित रहने छ ।

३२. प्राप्त हुन आएका बोलपत्रहरु सार्बजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र संस्थानको बिनियमावली अनुसार मूल्याकंन गरिनेछ ।

३३. बोलपत्र स्वीकृत भई कार्य सम्पादन गर्न गरिने सम्झौता यसै साथ संलग्न सम्झौताको नमूना अनुसार हुने छ ।

३४. माथि उल्लेख गरेको बाहेक अन्य व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

३५. बोलपत्रदाताले बोलपत्र साथ निम्न अनुसारको कागजात अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) तोकिए अनुसारको धरौटी रकम बुझाएको बैंक भौचर/नगदी रसिद/ "**क**" बर्गको बाणिज्य बैंकले जारीगरेको कम्तिमा ६ महिना म्याद भएको बैंक ग्यारेण्टी पत्र ।

(ख) कम्पनी/फर्म रजिष्ट्रेशनको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) कर क्लियरेन्स प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) हवाईसेवा प्रदायक संस्था/कम्पनीको हकमा बायु सेवा संचालन अनुमति तथा प्रमाणपत्र र हवाई सेवा संचालनमा रहेको प्रमाणित कागजात । विमानको संख्या, प्रकार र भारवहन क्षमता ।

(च) कार्गो एजेन्सीको हकमा कुनै हवाई कम्पनीसंग भएको सम्झौताको पत्र ।

(छ) कम्पनी/फर्म ढुवानी कार्य गर्न योग्य/सक्षम रहेको र कालो सूचीमा नपरेको घोषणा पत्र ।

# नेपाल खाद्य संस्थानको
# हवाईमार्गवाट खाद्यवस्तु ढुवानी सम्वन्धी गोप्य शिलवन्दी
# बोलपत्र आव्हानको सूचना
## <u>प्रथम पटक प्रकाशित २०७६।०३।२५ गते</u>

आर्थिक वर्ष २०७६।७७ को लागि नेपालगंज/सुर्खेत देखि हुम्ला सदरमुकाम सम्म हवाईमार्गवाट खाद्यवस्तु ढुवानीको काम गर्नु पर्ने भएकोले हाल संचालनमा रहेका इच्छुक हवाई सेवा कम्पनी/कार्गो एजेन्सीबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

(१) संस्थानको तल तोकिएको कार्यालयबाट पछि फिर्ता नहुने गरी सूचनामा तोकिए बमोजिम तोकिएको मूल्य तिरी बोलपत्र फाराम, बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु, सूचना र सम्झौता पत्रको नमूना संलग्न गरिएको कागजात सेट मिति २०७६।०४।२३ गते कार्यालय समय भित्रमा प्राप्त गर्न सकिने छ र सोही बोलपत्र फाराम भरी सूचनामा तोकिएको स्थान/कार्यालयमा पेश गर्नु वा विद्युतीय माध्यमवाट पठाउनु पर्ने छ ।

(२) विद्युतीय माध्यम www.bolpatra.gov.np/egp वाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले माथि निर्धारित समय भित्र छापिएका बोलपत्र कागजातहरुको Hardcopy खरीद गरी वा बोलपत्र कागजात Download गरी निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजातसाथ बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्र कागजात Download गरी विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालयको खातामा बोलपत्रको दस्तुर जम्मा गरी जम्मा गरेको भौचर Scanning गरी Scanned प्रति विद्युतीय बोलपत्र साथ पेश गर्नु पर्नेछ । यसरी बोलपत्र पेश गर्नेले बोलपत्र खोल्न निर्धारित मिति देखि ७ दिन भित्र सक्कलै Hardcopy कागजात सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

(३) एउटै बोलपत्रदाताले एक वा सो भन्दा बढी सेक्टरहरुमा बोलपत्र पेश गर्न चाहेमा बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिमको बेग्ला बेग्लै धरौटी राख्नु पर्नेछ । तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरहरुको लागि बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिम बेग्ला बेग्लै धरौटी, बैंक जमानत राख्नु पर्नेछ । एक भन्दा बढी सेक्टरमा E-bid गर्न चाहने बोलपत्रदाताले प्रत्येक सेक्टरका छुट्टा छुट्टै बोलपत्र फारम भरी आवश्यक कागजात संलग्न राखी एकै पटकमा Submit गर्नु पर्ने छ ।

(४) बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम संस्थानको प्रधान कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा संस्थानमा नगद जम्मा गरेको नगदी रसिद बोलपत्रसाथ पेश गर्नु



पर्नेछ । बोलपत्र साथ धरौटी वापत छुट्टै रकम राख्न अनिवार्य भएकोले बोलपत्रदाताले संस्थानसंग लिन बांकी कुनै पनि रकमलाई धरौटीमा समाबेश गरी पाउं भनी निबेदन दिएमा सो लाई मान्यता दिइने छैन । बोलपत्रदाताले धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गरेको मितिले कम्तिमा ६ (छ) महिना अवधिको **"क"** बर्गको बाणिज्य बैंकको जमानीपत्र राख्नु पर्नेछ । वोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताले लाग्न जाने ढुवानी भाडाको ५% (पांच) प्रतिशत रकम धरौटी बापत नगद जम्मा गरी वा सो बराबरको **"क"** बर्गको बाणिज्य बैंकले यस संस्थानको सम्बन्धित कार्यालयको नाममा जारी गरेको सम्झौता अवधि भन्दा कम्तिमा ६ (छ) महिना बढी अवधि रहेको बैंक जमानी पत्र (Performance Bond ) पेश गर्नु पर्नेछ । बोलपत्र स्विकृतीको जानकारी पाएको १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी जफत हुनेछ ।

(५) बोलपत्र साथ बोलपत्रदाता हवाई सेवा कम्पनी/कार्गो एजेन्सीले फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्र, बायु सेवाको हकमा संचालन अनुमतिको प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर क्लियरेन्स पत्र समेतको प्रतिलिपी र घोषणा पत्र संलग्न गर्नु पर्नेछ र बोलपत्रको खाम बाहिर (**खाद्यबस्तु हवाई ढुवानीको बोलपत्र**) भन्ने उल्लेख हुनाका साथै ढुवानी सेक्टर समेत प्रष्ट उल्लेख गरी बोलपत्रदाताको पुरा नाम थर ठेगाना स्पष्ट लेखिएको हुनु पर्दछ ।

(६) एयरलाइन्स वा मान्यता प्राप्त कार्गो एजेन्सीले बिगतमा हवाई साधन मार्फत काम काज सम्पन्न गरेको कागजात पेश गरी बोलपत्र खरिद गर्न सकिने छ । सो बाहेक अन्यको बोलपत्र प्राप्त भएमा मान्यता दिइने छैन ।

(७) बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रित पूर्वक सहि छाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत यो सूचना प्रकाशित मितिले ३१ औं दिन मिति २०७६।०४।२४ गते दिनको १२.०० बजे भित्र संस्थानको प्रधान कार्यालय खरिद एकाईमा बोलपत्र बुझाई सक्नु पर्नेछ ।

(८) संस्थानमा बुझाएको बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा बोलपत्र बुझाउने अन्तिम दिन मिति २०७६।०४।२४ गते अपरान्ह २.०० बजे खरिद एकाई प्रधान कार्यालयमा बोलपत्र खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन

(९) बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट सम्म म्याद कायम रहने छ र सोहि अनुरुप बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने दिन एक दिन पछि सर्नेछ ।

(१०) यो सुचना संस्थानको अञ्चल कार्यालय नेपालगन्ज र शाखा कार्यालय सुर्खेतको सूचना पाटीमा तथा **Website :-** www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ । अन्य कुराहरु बुझ्नु परेमा सम्वन्धित कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिने छ ।

(११) यो सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र संस्थानको विनियम अनुसार हुनेछ ।

खाद्यान्न ढुवानी गर्नु पर्ने सेक्टर, अनुमानित खाद्यान्न परिमाण, बोलपत्र दस्तुर र धरौटी रकम निम्न अनुसार रहेको छ ।

| क्र सं | खाद्यान्न ढुवानी सेक्टर | | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र कार्यालय | बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम मिति, समय र कार्यालय | ढुवानी गरिने अनुमानित परिमाण (क्वीण्टल) | बोलपत्र दस्तुर रु | धरौटी रकम रु |
|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | | |
| १ | नेपालगन्ज हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | २०७६।०४।२३ गते सम्म, खरिद एकाई प्र.का काठमाडौं/ अं.का नेपालगंज | २०७६।०४।२४ गते १२:०० वजे सम्म खरिद एकाई प्र.का.मा दाखिला गर्ने तथा सोही मितिमा दिउँसो २:०० वजे खोलिने छ । | ३००० | ५०००/- | ९,७४,७००/- |
| २ | सुर्खेत हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | २०७६।०४।२३ गते सम्म, खरिद एकाई प्र.का काठमाडौं/ शा.का सुर्खेत | | ७४०० | ५०००/- | २२,१४,४५०/- |

खरिद एकाई, नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, काठमाडौं, फोन नं.०१-४२५५८६५

# नेपाल खाद्य संस्थान

# खाद्यवस्तु हवाई ढुवानी सम्वन्धी
# सम्झौता पत्र
## २०७६/२०७७

## ........................ देखि हुम्ला सदरमुकाम सम्म

**नेपाल खाद्य संस्थान**
**............ कार्यालय ..............**
**आर्थिक वर्ष २०७६।०७७ को लागि**
**<u>खाद्यवस्तु हवाई ढुवानी गर्ने संझौता पत्र</u>**

नेपाल खाद्य संस्थान........................कार्यालय......................................... ( जसलाई यसपछि संस्थान भनिनेछ ) र हवाई ढुवानीकर्ता ................................................ को तर्फ वाट अधिकार प्राप्त........................................................ वस्ने वर्ष......को ............................ ( जसलाई यसपछि ढुवानीकर्ता भनिनेछ ) का वीच आर्थिक वर्ष २०७६।०७७ को लागी खाद्य वस्तु हवाई ढुवानी गर्न देहायका शर्तहरुका अधिनमा रही संस्थानको खाद्य वस्तु ढुवानी गर्न गराउन दुवै पक्षको मन्जुरी भई प्रचलित कानून अन्तर्गत यो संझौताको दुई प्रतिमा हस्ताक्षर गरी एक/एक प्रति लियौ/दियौ । खाद्यवस्तु भन्नाले चामल, गहुं, मकै, चिनी, पिठो, दलहन, तेल, तोरी तथा संस्थानको कारोवारको सिलसिलामा प्रयोग हुने जुनसुकै माल सामानलाई जनाउछ ।

(१) खाद्यवस्तु ढुवानी कार्यको लागि धरौटी वापत स्वीकृत ढुवानी दरको आधारमा हुन आउने ढुवानी भाडा रकमको ५% पांच प्रतिशत रकम र थप जेथा जमानत बापत रु. ३०००००।- (तीन लाख मात्र) समेत जम्मा रु. ........................... नगद वा संस्थानको नाममा जारी गरेको २०७६ साल पौष मसान्त सम्म अवधि रहेको बैंक ग्यारेन्टी ( Performance Bond ) संस्थानमा धरौटी बापत रहेको छ ।

........................................ बैंकको ग्यारेन्टी नं. ..................... मिति ................ मा जारी भएको ................. सम्म अवधि रहेको रु. ..................... को बैंक ग्यारेन्टी पत्र पेश भएको छ ।

(२) ढुवानीकर्ताले देहाय बमोजिमको सेक्टरमा संस्थानको आवश्यकता अनुसारको परिमाण खाद्यवस्तु ढुवानी गर्नेछ । यसरी ढुवानी गरे बापत ढुवानीकर्तालाई देहाय बमोजिमको दरले खाद्यबस्तु ढुवानी गरेको ढुवानी भाडा रकम भुक्तानी दिनेछ ।

| खाद्यवस्तु ढुवानी गर्ने सेक्टर | | ढुवानी गर्नु पर्ने खाद्यान्न परिमाण (शुरुको) | प्रति के.जी. खाद्यवस्तुको ढुवानी भाडा (अंक तथा अक्षरमा) | बुझी लिएको खाद्यवस्तु ढुवानी गरी सम्वन्धित कार्यालयमा बुझाउन लाग्ने अवधि |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

(३) दफा (२) मा ढुवानी गर्नु पर्ने भनी उल्लेखित मोटामोटी परिमाणमा घटी वा बढी भएमा पनि ढुवानीकर्ताले सोही अनुसार ढुवानी गर्नु पर्नेछ ।

(४) यो सम्झौताको अवधिभित्र संस्थानको खाद्यवस्तु चलान गर्ने कार्यालयले पटक पटक वा एकमुष्ट गरी उपलब्ध गराएको परिमाण खाद्यवस्तु जुन जुन सेक्टरमा जुन जुन समयमा पुऱ्याउनु पर्दछ भनि तोकिएको हुन्छ सोही स्थान र सयमभित्र पुऱ्याउनु पर्ने दायित्व ढुवानीकर्ताको हुनेछ । ढुवानीकर्ताको जिम्मा रहेको खाद्यवस्तु निर्दिष्ट स्थानमा नबुझाए सम्म निजको ढुवानी कार्य सम्वन्धी दायित्व पूरा भएको मानिने छैन ।

(५) ढुवानीकर्ताले ढुवानीका लागि संस्थानवाट खाद्यवस्तु बुझिलिंदा खाद्यवस्तुको नाप, तौल गरी गराई गुणस्तरयुक्त बुझि लिनेछ र निर्दिष्ट स्थानमा बुझाउंदा पनि नाप तौल गरि, गराई गुणस्तरयुक्त खाद्यवस्तु बुझाउने छ ।

(६) संस्थानले ढुवानीको लागि ढुवानीकर्तालाई बुझाएको खाद्यवस्तु पुऱ्याउनु पर्ने स्थानमा पुऱ्याई नबुझाए सम्म कुनै पनि कारणवाट हानी नोक्सानी वा घटी भएमा, खाद्यवस्तुको गुणस्तरमा ऱ्हास भएमा सोको सम्पूर्ण जिम्मेवारी ढुवानीकर्ताको हुनेछ । निर्दिष्ट स्थानमा ढुवानीकर्ताले जोख तौल गरी संस्थानलाई बुझाउंदा नपुग भएकोमा नपुग परिमाण खाद्यवस्तु पुऱ्याउनु पर्ने स्थानको लागि संस्थानले निर्धारण गरेको बिक्री मूल्य अनुसारको रकम संस्थानले ढुवानीकर्तावाट असूल उपर गर्नेछ र घटी भएको परिमाणको ढुवानी भाडा संस्थानले ढुवानीकर्तालाई दिने छैन ।

(७) ढुवानीकर्ताले ढुवानीको लागि बुझि लिएको खाद्यवस्तु निश्चीत समय भित्र पुऱ्याउनु पर्ने स्थानमा पुऱ्याई बुझाउनु पर्नेछ । खाद्यवस्तु बुझिलिए पछि ढुवानीकर्ताले सम्वन्धित कार्यालयमा बुझाउनु पर्ने खाद्यान्नको म्याद भित्र नबुझाएमा सो म्याद नाघेको मितिले प्रति क्वीण्टल प्रतिदिन रु. ५/- (पांच) को दरले हर्जाना वापत ढुवानीकर्ताले संस्थानलाई बुझाउने छ ।

(८) खाद्यान्न चलान गर्ने स्थानको लोडिङ्ग तथा खाद्यान्न प्राप्त गर्ने स्थानको अनलोडिङ्ग र दुबै स्थानको तौलाई खर्च ढुवानीकर्ताले व्यहोर्ने छ ।

(९) ढुवानीकर्ताले ढुवानीको लागि जिम्मा लिएको खाद्यवस्तु निर्दिष्ट स्थानमा पु¥याए पछि शिघ्र अनलोड गराउने र यथासक्य चांडो खाद्यान्न प्राप्तीको रसिद ( मालप्राप्ती ) ढुवानीकर्तालाई उपलव्ध गराउने जिम्मेवारी संस्थानको हुनेछ ।

(१०) ढुवानीकर्ताले ढुवानीको लागि बुझी लिएको खाद्यवस्तु तोकिएको स्थानमा पु¥याई सम्वन्धीत कार्यालयलाई वुझाएको तौल र गुणस्तर समेत उल्लेख भएको खाद्यबस्तुको नियमानुसारको प्रमाणित माल प्राप्ती (रसिद) चलानी र हवाई ढुवानी भएको Consignment Note PAN नम्बर खुलेको ढुवानी भाडाको बिल सहितको प्रमाणित कागजात संस्थानको चलान गर्ने कार्यालयमा बुझाए पछि ढुवानी भएको परिमाणको हुने ढुवानी भाडा रकमको ५% (पांच) प्रतिशत रिटेन्शन मनी र कर कट्टी गरी वाकी रहेको रकम सम्वन्धित ढुवानीकर्तालाई भुक्तानी गर्ने छ । यसरी रिटेन्शन मनि वापत कट्टी गरी कार्यालयमा राखेको रकम सम्झौता बमोजिमको कार्य सम्पन्न भई लिनु दिनु पर्ने हिसाव फछ्र्यौट भए पछि मात्र संस्थानले ढुवानीकर्तालाई भुक्तानी गर्ने छ ।

(११) ढुवानीकर्ताले ढुवानीको लागि बुझी लिएको खाद्यवस्तु मध्ये बुझाउनु पर्ने कार्यालयमा के कति बुझाई सकियो, कति कहां कुन अवस्थामा छ भन्ने कुराको एकिन बिवरण संस्थानको सम्वन्धित कार्यालयले माग गरेको वखत पेश गर्नु पर्ने छ ।

(१२) ढुवानीकर्ताले खाद्यवस्तु ढुवानी गर्दा गर्दै सम्झौताको म्याद भित्र भाडा वढाई पाउं भन्ने वा अन्य कुनै किसिमको वाधा अड्चन खर खिचौला गर्न वा राख्न पाउने छैन ।

(१३) दफा १२ मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि हवाई ढुवानी दर स्वीकृत भै सम्झौता भै सके पश्चात नेपालमा हवाई इन्धनको मूल्यमा १५% प्रतिशत सम्म घटबढ भएमा निर्धारित ढुवानी दरमा कुनै हेरफेर हुने छैन । १५% प्रतिशत भन्दा वढी फरक परेमा ढुवानी दर घटबढ गर्ने नगर्ने संबन्धमा संस्थानको संचालक समितीले गरेको निर्णय अन्तिम हुनेछ ।

(१४) काबु वाहिरको परिस्थितिमा (जस्तै युद्ध, भूकम्प, बन्द हड्ताल, वाढीपहिरो, हिमपात, आगलागी, ज्वालामुखी आदि जस्ता मानवीय नियन्त्रण भन्दा वाहिरका परिस्थिति) वाहेक आ.व.२०७६।७७ मा ढुवानी गर्नु पर्ने भनी तोकिएको परिमाण खाद्यान्न ढुवानी नगरेमा वा सम्झौतामा उल्लेखित शर्तहरु पालना नगरेमा वा खाद्यान्न ढुवानी गर्न आलटाल गरेमा वा आवश्यकता अनुसारको ढुवानी कार्य नगरेको कारण खाद्यान्न अभाव हुन जाने भएमा वा हुन गएमा संस्थानमा राखेको ५% धरौटी, रकम तथा रिटेन्सनमनी र नगद वा वैंक ग्यारेण्टि बापत राखेको Performance Bond र रु. ३,०००००/- समेत जफत गरी संस्थानले कुनै पनि समयमा यो संम्झौता रद्द गरि संस्थानले अन्य हवाई सेवा कम्पनी/कार्गो एजेन्सी मार्फत खाद्य वस्तु ढुवानी गराउन सक्नेछ ।

(१५) दफा १४ मा उल्लेख भएका काबु वाहिरको परिस्थितिमा वाहेक ढुवानीकर्ताले ढुवानीको लागि बुझी लिएको संस्थानको खाद्यवस्तु मध्ये केहि परिमाण बुझाउन वांकी रहन गएमा यसै सम्झौताको दफा (७) बमोजिम हर्जाना सहित खाद्यवस्तु बुझाउन संस्थानले ढुवानीकर्तालाई अवधि तोकि दिन सक्नेछ । सो अवधिभित्र ढुवानीकर्ताले हर्जाना सहित संस्थानमा खाद्यवस्तु बुझाउनु पर्नेछ । संस्थानले तोकि दिएको अवधिभित्र ढुवानीकर्ताले खाद्यवस्तु नबुझाई

संस्थानले सो खाद्यवस्तु वापत नगदमा असूल उपर गर्नु पर्ने अवस्था परेमा त्यस्तो खाद्यवस्तु प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यले हुने रकममा हर्जाना वापत ५०% (पचास) प्रतिशत थप गरि हुने रकम संस्थानले असूल उपर गर्नेछ । यसरी असूल गर्नु पर्ने रकम ढुवानीकर्ताको ढुवानी भाडा वापतको रकम संस्थानमा वांकी रहेको अवस्थामा सो रकमवाट र सो वाट नपुग भएको अवस्थामा ढुवानीकर्ताले संस्थानमा राखेको धरौटी तथा रिटेन्शन मनी वा संस्थानले अन्य दिन बांकी कुनै रकम भएमा सो समेतवाट असूल उपर गरि लिनेछ । यसमा ढुवानीकर्ताले पछि कुनै किसिमको खर-खिचौला वा उजुर गर्न पाउने छैन, गरेमा यसै सम्झौतावाट वदर हुनेछ ।

(१६) यस सम्झौता बमोजिम लाग्ने सम्पूर्ण महशुल, प्रचलित कानून अनुसार लाग्ने कर दस्तुर एवं खाद्यान्न हवाई ढुवानीको सिलसिलामा कुनै किसिमको क्षति हुन गएमा ढुवानीकर्ताले व्यहोर्नु पर्ने छ ।

(१७) ढुवानीकर्तालाई ढुवानी भएको खाद्यवस्तुको ढुवानी भाडाको भुक्तानी खाद्यान्नको खुद तौल (Net Weight) को आधारमा हुनेछ । कस्ति बोराको ढुवानी भाडा भुक्तानी हुने छैन । साथै खाद्यान्न ढुवानीका लागि कुनै किसिमको पेश्की रकम संस्थानले उपलव्ध गराउने छैन ।

(१८) सम्झौतामा उल्लेख भएको ठाउंको अतिरिक्त नजिक वा टाढा रहेको अन्य स्थानमा खाद्यबस्तु ढुवानीगरी लैजान वा पुर्नयाउनु पर्ने भएमा पनि उडान समयको आधारमा हुने दरले घटि वा बढी जे हुन आउछ सोही अनुसारको भाडा भुक्तानी हुनेछ ।

(१९) यो सम्झौताको दफा दफामा जुनसुकै कुरा लेखिएको भएतापनि हुम्ला जिल्लामा तत्काल खाद्यवस्तु नपुर्‍याई नहुने अवस्था परेमा वा अन्य कारणवाट समयमै खाद्यान्न पुर्‍याउनु पर्ने अवस्था भएको संस्थानलाई लागेमा सो सेक्टरको ढुवानी सम्झौतामा उल्लेखित परिमाणका अतिरिक्त थप परिमाण खाद्यान्न सोही दररेटमा अन्य ढुवानीकर्ता वा साधनबाट समेत संस्थानले ढुवानी गराउन सक्नेछ । यसमा ढुवानीकर्ताको कुनै किसिमको उजुर लाग्ने छैन ।

(२०) ढुवानीकर्ताले खाद्यान्न ढुवानी गर्ने सिलसिलामा आफ्नो जहाज बिग्रिई मर्मत गर्नु परेको वा आफ्नो जहाजले मात्र ढुवानी गर्न नभ्याएको अवस्थामा ढुवानी कार्य नरोकिने गरी अन्य कम्पनीको जहाजबाट ढुवानी गराउन ढुवानीकर्ताले स्वीकृती माग गरेमा अवस्था हेरी संस्थानले स्वीकृत दिन सक्नेछ । यसरी अन्य कम्पनीको जहाजबाट ढुवानी गर्दा गराउंदा यसै सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ढुवानी कार्य गराउनु पर्नेछ

(२१) यो सम्झौता दुवै पक्षवाट हस्ताक्षर भएको मिति देखि २०७७ आषाढ मसान्त सम्म वहाल रहने छ । २०७७ आषाढ मसान्तभित्र अर्को आ.ब.को लागि ढुवानी दर निर्धारण नभएमा पुनः थप १ (एक) महिनाको लागि खाद्यान्न ढुवानी गराउन संस्थानलाई आवश्यक परेमा यसै सम्झौतामा उल्लेखित शर्तहरु एवं ढुवानी भाडा दर वा नयां आ.ब. २०७६।०७७ को लागि निर्धारित भाडा दरमा जुन घटी हुन्छ सोही दरमा खाद्यान्न ढुवानी गर्नु पर्नेछ ।

तत्पश्चात दुवै पक्षको मन्जुरीले यस सम्झौताको म्याद दुवै पक्षले मन्जुरी गरेको अवधिसम्मको लागि बढाउन सकिनेछ ।

(२२) यो सम्झौता कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरि निराकरण गर्नेछ । यदि आपसी छलफलवाट निराकरण हुन नसकेमा संस्थानको सञ्चालक समितिले गरेको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

(२३) यो सम्झौतामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| **संस्थानको तर्फवाट** | **ढुवानीकर्ता हवाई सेवा कम्पनी/कार्गो एजेन्सीको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| दर्जा : | दर्जा : |

**ढुवानीकर्ता हवाई सेवा कम्पनी/कार्गो एजेन्सीको तर्फबाट**

**साक्षी**

| | |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |

ईति सम्बत २०७६ साल ............... महिना ............ गते रोज .................. शुभम् ।